नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

पत्र संख्याः २०७८।०७९
चलानी नम्वरः ८३०

फो.नं. ०१-४२०००१६

मितिः- २०७८/८/१

**विषयः रेडियो जिगंल प्रशारण सम्बन्धमा।**

श्रीमान् प्रमुख ज्यू,
महानगर/उपमहानगर/नगर/गाउँ पालिकाको कार्यालय, सबै।

प्रस्तुत विषयमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी तुल्याउन नेपाल सरकार तथा विश्व वैंक वीच सम्झौता भई यस विभाग अन्तर्गत विश्व बैंकको ऋण सहयोगमा सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (Strengthining Systems for Social Protection and Civil Registration Project) कार्यान्वियनमा रहेको छ। यस आयोजनाको मूल उद्देश्य सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ताको पहुँच विस्तार गर्ने र सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीमा सुधार गर्नु रहेको छ।

उल्लिखित उद्देश्य प्राप्तीको लागि आयोजना संचालन भईरहेको साथै सबै स्थानीय तहमा कम्तीमा १/१जना एम.आई.यस. अपरेटर र फिल्ड सहायक सहित सेवा इकाईको समेत स्थापना तथा सञ्चालनमा रहेको छ। यस आयोजनाबाट सञ्चालन गरिने मुख्य क्रियाकलापहरु मध्ये सूचना, सञ्चार तथा पहुँच अभियान पनि एक रहेको छ। आयोजनाको उद्देश्य प्राप्तीको लागि सबै स्थानीय तहमा सूचना, सञ्चार अभियान सञ्चालानार्थ समेत वित्तीय हस्तान्तरण मार्फत बजेट विनियोजन गरी पठाईएको हुँदा व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा कार्यक्रम तथा राष्ट्रिय परिचयपत्रसंग सम्बन्धित संलग्न रेडियो सन्देश स्थानीय सञ्चार माध्यम मार्फत देहाय बमोजिम प्रशारण गर्नु/गराउनुहुन आदेशानुसार अनुरोध छ।

**देहाय:**

रेडियो जिगंलको समयावधी : १ मिनेट,
प्रशारण अवधी : ६ महिना (१८० दिन) प्रत्येक जिगंल ६० दिन (१२० पटक) बराबरको अवधी भर,
प्रशारण माध्यम : स्थानीय स्तरमा संचालन वा प्रशारण भएका कम्तिमा २ वटा एफ एम रेडियामार्फत,
प्रशारण समय : बिहान र बेलुकीको मुख्य समाचारको अधि वा वीचमा (दिनको २ पटक)।

| रेडियो जिगंल | महिना १ | महिना २ | महिना ३ | महिना ४ | महिना ५ | महिना ६ |
|---|---|---|---|---|---|---|
| व्यक्तिगत घटना दर्ता | | | | | | |
| सामाजिक सुरक्षा कार्यक्रम | | | | | | |
| राष्ट्रिय परिचयपत्र | | | | | | |

(बिनीता भट्टराई)
निर्देशक

Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np,
URL:www.donidcr.gov.np